Schweizerische Eidgenossenschaft
Confédération suisse
Confederazione Svizzera
Confederaziun svizra

CEAPRED

# रामेछापमा परवल र तरवुजा खेतीको शुरुवात

रामेछाप जिल्ला समुद्र सतहबाट ४६९ मिटरदेखि ६,९५८ मिटर अग्लो नुम्बर हिमचुलीसम्म फैलिएको छ। रामेछाप जिल्लाको सदरमुकाम मन्थली तामाकोशी समीप भित्री खोंचमा अवस्थित छ। हावापानीको दृष्टिकोणले मन्थली आसपासको क्षेत्र मधेशको जस्तो गर्मी तथा सुख्खा छ। सदरमुकाममा सबै जाति बसोबास गर्दै आए पनि आसपासका गा.वि.स.हरुमा माझी जातिको बाहुल्यता रहेको पाइन्छ। सुख्खा क्षेत्र, बाक्लो बस्ती, परम्परागत खेती यहाँको वास्तविकता हो। सदरमुकाम मन्थलीमा काठमाण्डौं र तराईबाट ताजा तरकारी आयात भएता पनि सदरमुकाममा मागअनुसारको तरकारी आपुर्तिको समस्या रहिआएको छ। स्वीस सरकार विकासको आर्थिक सहयोगमा वातावरण तथा कृषि नीति अनुसन्धान प्रसार एवं विकास केन्द्र (सिप्रेड) द्वारा सञ्चालित तरकारी बीउ आयोजनाले यो समस्यालाई मध्यनजर गरी खिम्तीदेखि सेलेघाटसम्मको सडकवरिपरी तरकारी उत्पादन कार्यक्रम वि.सं. २०६७ सालदेखि शुरु गरेको छ।

रामेछाप सुख्खा क्षेत्र भएकोले र यस्तो ठाउँमा सम्भावित तरकारी बालीको खोजी गर्दै जाँदा छोटो समयमा राम्रो आम्दानी दिने बालीहरु जस्तै तरबुजा र परवल खेतीको परीक्षण शुरुवात गर्ने निर्णय अनुसार रामेछापको तामाकोशी आसपासका ठाउँलाई चार वटा पकेट क्षेत्रमा विभाजन गरि सोहि अनुरुप मन्थली, खिम्ती, भलुवाजोर र भटौली पकेट क्षेत्र निर्धारण गरियो।

सिप्रेडद्वारा सञ्चालित तरकारी बीउ आयोजनाको अगुवाईमा बि.सं. २०६७/५/३ गतेका दिन कृषक कुलमान माझी, नारायण प्रसाद प्रसाइं, शुशिला थापा र शर्मिला खड्कालाई सिप्रेडका तत्कालिन जिल्ला संयोजक नारायण प्रसाद घिमिरे, प्राबिधिक लालबाबु साह र सल्लाहकार राजेन्द्र प्रसाद आर्चायद्वारा महोत्तरी जिल्लाको बर्दिबास माईस्थान गा.वि.स.मा स्थलगत भ्रमण गराई परबल खेती तर्फ उत्प्रेरित गरिएको थियो।

अध्ययनरत भ्रमण टोलीको परबल खेती र तरबुजा खेतिप्रतिको इच्छालाई ध्यानमा राखी यस तरकारी बीउ आयोजनाले परवलका विरुवा खरिद गरि संगै गएका कृषकहरुलाई उपलब्ध गरायो। उक्त परबल तथा तरबुजाको बीउ उमार्नेदेखि बिरुवा सार्ने कार्यमा



टिप्न तयार भएको परवल

## परवल खेती गर्ने तरिका

- जग्गाको तयारी तथा रोपाइः परवल रोप्नको लागि पङ्क्तीबाट पङ्क्ती २ मिटर र बोटबाट बोट १ मिटर कायम गरि ५० सेमि गहिराइ र ३० सेमि गोलाइको खाडल खनी बिरुवा रोप्नु भन्दा १० दिन पहिले प्रत्येक खाडलमा ५ किलोग्रामका दरले पाकेको गोबर मल र रासायनिक मल प्रति खाडल २० ग्राम डि.ए.पि. र १० ग्राम पोटाश माटोमा राम्ररी मिसाउनु पर्दछ।
- परवल लगाउने तरिका: ३-४ मिटर लामो स्वस्थ लहरा लिई सबै पातहरु हटाइ ४०-५० सेमिको लम्बाइ भएको ४-५ फन्को घुमेको अग्रेंजी आठ (8) आकारको मुठो बनाई ३ सेमि दुवै टुप्पा जमिन बाहिर छोडी रोप्नु पर्दछ। यसरी रोप्दा प्रत्येक ८ पोथि बोटमा १ भाले बोट रोपनु पर्छ। भाले फुल र पोथी फूल अलग अलग बोटमा फूल्दछन्। मौरी वा अन्य कीराबाट पराग सेचन हुन्छ।
- काटछाट: मसिंरको पहिलो सातादेखि पौषको पहिलो सातासम्मा ३०-४० सेमिसम्मको प्रमुख लहरालाई छोडेर बाँकी लहरालाई काट्नु पर्छ। त्यसैमा फाल्गुण-चैत्रदेखि पालुवा आई फल्न शुरु गर्छ।

सिप्रेड/तरकारी बीउ आयोजना र जिल्ला कृषि बिकास कार्यालयको समेत प्राविधिक सहयोगमा मन्थली, खिम्ती, भलुवाजोर र भटौली गरि चार वटै पकेटमा एक एक रोपनीमा परवलको प्रदर्शन उत्पादन शुरु गरिएको थियो ।

हाल आएर त्यहि क्षेत्रमै परबलले बिस्तारै ब्यापकता पााउदै आएको छ । पहिलो बर्ष भटौली पकेट क्षेत्रका नारायण प्रसाद प्रसाईंले आठ आना जग्गाबाट ६ महिनाको समयमा ४०० के.जी. परवल उत्पादन गरि सरदर मूल्य प्रति केजि रु. ५५ का दरले रु. २२,००० बराबरको आम्दानी गर्नु भएको थियो । हाल वहाले क्षेत्रफल बढाई १ रोपनी जग्गामा लगाई हालसम्ममा ३४,५०० को आम्दानी गरि घर खर्च तथा छोराछोरीहरुको पढाई खर्चमा ठूलो सहयोग पुगेको बताउनु हुन्छ । परवल तरकारी मन्थली बजारको लागि नयाँ र नौलो भएकै कारणले पहिलो बर्षमा बजारीकरणमा समस्या भई दोलखाको चरिकोट सम्म लानु परेको थियो भने दोस्रो बर्षमा बजारीकरणमा कुनै किसिमको समस्या नपरेको कृषकहरु बताउँछन् । साथै यहाँका कृषकहरुले यसलाई दुहुनो भैंसीकै रुपमा पनि लिने गरेका छन् । शुरुदेखि हालसम्म तरकारी बीउ उत्पादन आयोजना र जिल्ला कृषि बिकास कार्यालयले यस खेती बिस्तारको लागि कृषकहरुलाई निरन्तर सहयोग र तालिम उपलब्ध गराईएको छ ।

तरकारीको राजा परवल भने झैं गर्मी मौसमको फलको राजा तरबुजा पनि २०६७ सालमा नै रामेछापको भलुवाजोरको कुनौरी टोलमा कुलमान माझीको जमिनमा १ रोपनी जग्गामा लगाईएको थियो । उनले त्यसबाट ५०० के.जी उत्पादन गरि सरदर रु. ४० का दरले जम्मा रु. २०,००० र दोश्रो बर्ष रु. ३०,००० बराबरको आम्दानी गर्न सफल भएको जानकारी दिनु भएको छ । सो आम्दानीले वहालाई घरखर्च टार्न र चाडपर्व मनाउन धेरै सजिलो भएको बताउनु हुन्छ । रामेछाप जस्तो ठाउँमा नयाँ किसिमको फलफुल खान एवं खुवाउन पाउँदा एकदमै ठूलो सफलता हासिल गरेको महसुस गर्दै माझी भन्नुहुन्छ “सर्ब प्रथम, यसमा सफल हुनमा सिप्रेडका प्राविधिक तथा आर्थिक सहयोगले हामीलाई एउटा नयाँ बाटोमा डोर्‍याएकोमा कुनौरी टोलका कृषक समूहको तर्फबाट धन्यवाद नदिई रहन सकिन ।”



टिप्न तयार भएको तरबुजा

## तरबुजा खेती गर्ने तरिका

- जग्गाको तयारी तथा रोपाइः जग्गाको तयारी गर्दा गोबर मल वा कम्पोष्ट प्रति रोपनी २.५ देखि ५.० क्विन्टलको दरले हाली राम्ररी मिलाउनुको साथै ५ कि.ग्रा. डि.ए.पि. र ३ कि.ग्रा. पोटाश प्रति रोपनि हाल्नु पर्छ । पंक्तिदेखि पंक्ति बीचको दूरी २ मिटर र विरुवादेखि बिरुवा बीचको दूरी १ मिटर राखेर रोप्नु पर्छ ।
- रोप्ने समयः पोलि ब्यागमा, मंसिरमा बीउ रोपेर माघ-फाल्गुणमा बेर्ना सार्नु पर्छ ।
- सिचांइः बीउ रोपेपछि वा बेर्ना सारेपछि समय समयमा सिचांई गर्दै रहनुपर्छ ।
- गोडमेल र पछि मल हाल्ने (Top dressing): बेर्ना सारेपछि २०-२५ दिनको अन्तरमा २-३ पटक गोडमेल को साथै विरुवामा फल लाग्न थालेपछि २.५ कि.ग्रा. युरिया प्रति रोपनि विरुवाको वरिपरि माटोमा राख्नु पर्दछ ।
- फूल फूल्ने र परागसेचनः तरबुजाको फूलहरु बिहान सूर्योदयसंगै फूल्छन् । एउटै बोटमा भाले फूल र पोथी फूल अलग अलग ठाउँमा फूल्दछन् र मौरि वा अन्य कीराबाट पोथि फूलमा परागसेचन हुन्छ ।


**वातावरण तथा कृषि नीति अनुसन्धान, प्रसार एवं विकास केन्द्र (सिप्रेड)**
**तरकारी बीउ आयोजना**

केन्द्रिय कार्यालय
नयाँ बाटो, रिङ्गरोड, ललितपुर
पो.ब.नं: ५७५२, काठमाण्डौ, नेपाल
फोनः ५५२०२७२, फ्याक्सः ९७७-१-५५२४१६५
ईमेलः contact@ceapred.org.np

जिल्ला कार्यालय
मन्थली, रामेछाप
फोनः ०४८६२०३४७
ईमेलः vsp.ramechhap@ceapred.org.np